annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९८ पृष्ठ १० | काठमाडौं, मंगलबार २० साउन २०८२ | श्रावण शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | TUESDAY, AUGUST 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य

कभर स्टोरी

# हाइपरको जालोमा पर्नुहोला नि !

हरेक मान्छेमा लोभ हुन्छ तर लोभले महलबाट सडकसम्म पुऱ्याउँछ । यसको ज्वलन्त उदाहरण बनेको छ हाइपर फन्ड (हाइपर भर्स) । यो एक नेटवर्किङ कम्पनी हो । यसले विदेशमा बस्ने नेपाली र उनका आफन्तको करोडौं रकम ठगी गरेको छ । रातारात कमाउने चक्करमा यसमा लागेर सयौं नेपालीको रकम डुबेको छ ।




समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | काठमाडौं

– को रिपोर्ट

जुम मिटिङको आईडी र पासवर्ड पाइने

वेबसाइटमा प्रवेश गर्न पाइने

जुम मिटिङबाट हाइपर फन्डमा लगानी गर्दा हुने फाइदा बताइने

सुरुमा लगानी गर्नुपर्ने ३०० डलर

६०० दिनपछि लगानी तेब्बर ९००डलर

रिवार्डको चक्रवृत्ति शृंखला

६ महिनामा ७४५ डलर

१२ महिनामा १८५० डलर

१८ महिनामा ४६०० डलर

२४ महिनामा ११,४०० डलर

### लेभलअनुसारको रिवार्डको प्रलोभन

| | |
|---|---|
| एस्पर्ट लेभल | ५०,००० डलर |
| प्रो लेभल | १,२५,००० डलर |
| १ स्टार | २,५०,००० डलर |
| २ स्टार | ५,००,००० डलर |
| ३ स्टार | १०,००,००० डलर |
| ४ स्टार | ३०,००,००० डलर |
| ५ स्टार | ६०,००,००० डलर |

जम्मा ठगी ७,७१,५५,९२१

### ठगी भएकाहरूको नाम र रकम

| | |
|---|---|
| १. सवडोङ तामाङ | १०,३७,००० |
| २. रामकाजी न्यौपाने | २,७७,३०० |
| ३. कृष्णकला श्रेष्ठ | २३,९४,७३५ |
| ४. सुलोचनादेवी दाहाल | २५,००,००० |
| ५. नाम गोप्य | ५,०२,००० |
| ६. दीपेन्द्र थापा | १६,४२,००० |
| ७. गोविन्द केसी | २६,२५,००० |
| ८. राधिका न्यौपाने | २९,३८,००० |
| ९. विष्णुप्रसाद तिमिल्सिना | ६२,५०० |
| १०. सन्जु भण्डारी | १०,२०,५०० |
| ११. पेमाछेकी शेर्पा | १,३८,२४,००० |
| १२. देउकुमारी साँवा सुब्बा | १,६५,००० |
| १३. दिलकुमारी लिम्बु | ४,९४,००० |
| १४. वेदमाया नेम्बाङ | ३,९०,००० |
| १५. यशोदा जिम्मी लिम्बु | १,०१,६०० |
| १६. खड्गमाया लिम्बु | २,३४,००० |
| १७. इन्द्रमाया राई | २,३५,००० |
| १८. टेकमाया पुलामी मगर | ४६,००० |
| १९. धनबहादुर पुलामी मगर | २,८६,००० |
| २०. आशामाया लिम्बु | १,०३,००० |
| २१. निशा दाहाल | १,३०,००० |
| २२. जेबी लिम्बु | ३,८०,००० |
| २३. तेजबहादुर लिम्बु | १,३०,००० |
| २४. देवकुमारी मगर | १,९५,००० |
| २५. इन्दिरा राई | १०,४०,००० |
| २६. जीवन लिम्बु | ३,१२,००० |
| २७. फुलमाया लिम्बु | १,०१,८०० |
| २८. राधीका सुवेदी | ८,७०,००० |
| २९. टोपबहादुर खत्री | ३१,९६,००० |
| ३०. तीर्थबहादुर राई | ६,२५,००० |
| ३१. डोलकुमारी आचार्य | १,८८,६५० |
| ३२. शारदा पौडेल अधिकारी | ३७,५०,००० |
| ३३. रमा श्रेष्ठ | ६,६३,००० |
| ३४. बुद्धिबहादुर गुरुङ | १३,००,००० |
| ३५. गीता पाण्डे | १०,२१,०२० |
| ३६. लाक्पा गोम्बा शेर्पा | ५,२०,०२६ |
| ३७. अनिता गुरुङ | १०,९४,००० |
| ३८. मनीषा कार्की (भट्टराई) | १२,८१,११० |
| ३९. अस्मिता पौडेल | १९,२४,००० |
| ४०. ढालबहादुर ताङनामी | १९,५१,००० |
| ४१. नवीन डाँगी | १२,५०,००० |
| ४२. लेखनाथ पौड्याल | ८,५०,०५० |
| ४३. निरञ्जन खनाल | २२,९८,१०० |
| ४४. लाक्पा छिरिङ शेर्पा | ५,२०,००० |
| ४५. दिलमाया रिन्तजा पुन | १२,५०,००० |
| ४६. महेश महतारा | १५,०५,९०० |
| ४७. दिवस लिम्बु | ६,१०,००० |
| ४८. आङ छयोतन लामा | ८,३१,००० |
| ४९. गीता खनाल | १८,५०,००० |
| ५०. अभिशेष गुरुङ | ७,४५,००० |
| ५१. विष्णुकुमार श्रेष्ठ | ४,०१,९०० |
| ५२. कान्ती गिरी | २२,२८,५०० |
| ५३. अनिता गुरुङ | १६,८३,००० |
| ५४. सुशीलकुमार राजवंशी | २,५०,००० |
| ५५. बालकृष्ण पन्त | १५,०५,००० |
| ५६. हर्कबहादुर राई | ८,८२,४१० |
| ५७. विनयकिशोर राई | ५२,४४,००० |
| ५८. पार्वता गुरुङ | २५,०७,१७० |

## बागमतीको मुख्यमन्त्रीमा बानियाँको दाबी पेस



सरोज पौडेल | हेटौंडा

बागमती प्रदेशको नयाँ मुख्यमन्त्रीका लागि इन्द्रबहादुर बानियाँले दाबी पेस गरेका छन् । प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा समक्ष मुख्यमन्त्री बहादुरसिं लामाले राजीनामा दिएपछि नयाँ सरकार गठनका लागि आह्वान गरेका थिए । त्यस लगत्तै नेपाली कांग्रेसका प्रदेश सभापतिसमेत रहेका बानियाँले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेस गरेका हुन् ।

यसअघि साउन ९ मा नेपाली कांग्रेसकै २१ जना प्रदेश सांसदले संसदीय दलको नेता एवं मुख्यमन्त्रीसमेत रहेका लामाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका थिए ।

» बाँकी पृष्ठ ५

## माओवादी संकल्प : गुट-उपगुट भंग गर्ने

राजकरण महतो | काठमाडौं

नेकपा माओवादी केन्द्रमा झांगिँदै गएको गुट–उपगुट भंग गर्ने संकल्प गरिएको छ । पार्टीमा पछिल्लो समय व्यक्तिगत स्वार्थहरू हाबी भएको निष्कर्ष छ । माओवादी पार्टी चरम असन्तुष्टि र गुटबन्दीमा फसेको नेताहरूले उल्लेख गरेका छन् । अध्यक्ष पुष्पकमल दाहालले चार दिनसम्म चलेको स्थायी कमिटी बैठकले गुटलाई भत्काउँदै पार्टीलाई एकताबद्ध बनाउने निर्णय भएको बताए ।

गुटबन्दी गर्नेलाई कारबाही गर्ने अनुगमन प्रणालीको समेत विकास गर्ने बैठकको निष्कर्ष छ । बैठकले दसैंपछि केन्द्रीय समितिको बैठक बोलाउने बताएको छ । फुटको संघारमा रहेको पार्टीले चुनौतीलाई तत्काल व्यवस्थापन गरेको छ । पार्टीमा नेतृत्व हस्तान्तरण, नेतृत्व पुस्तान्तरण र पार्टी पुनर्गठनको माग गर्दै आएका उपमहासचिव जनार्दन शर्मालाई पार्टी अध्यक्ष प्रचण्डले सार्वजनिक रूपमा आत्मआलोचित हुन निर्देशन दिएका छन् । केही समयपहिले नेता शर्माले सार्वजनिक मञ्चमा पार्टी अध्यक्ष प्रचण्ड भ्रष्ट भएको भनेर कडा टिप्पणी गरेका थिए । पार्टी



उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले भने, 'बैठकमा नेता शर्मालाई आत्मआलोचना गर्न सबैले आग्रह गर्नुभएको छ तर, उहाँले गरिसक्नु भएको छैन । उहाँ (शर्मा)लाई आत्मआलोचना गर्नुपर्छ भनेर रियलाइज भएको छ ।'

पार्टी अध्यक्ष प्रचण्डले लोकतान्त्रिक व्यवस्था ल्याउने माओवादी पार्टीलाई एकताबद्ध गर्ने चुनौती तत्काल हल भएको दाबी गरेका छन् । 'पार्टीलाई एकताबद्ध गर्ने जुन हाम्रो सामु चुनौती थियो, त्यो चुनौतीलाई जिम्मेवारीपूर्वक पूरा गरेका छौं', बैठकपछि सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै भने, 'धेरै गम्भीर छलफलपछि पार्टी एकताबद्ध भएको छ । हामीले सामूहिक रूपमा पार्टीलाई अझ सुदृढ र एकताबद्ध गर्न प्रण गरेका छौं ।'

» बाँकी पृष्ठ ३

# कक्षा १२ को पनि सुध्रियो नतिजा

## नियमिततर्फ ६१.१७ प्रतिशत, आंशिकतर्फ ३६.४९ प्रतिशत उत्तीर्ण

ममता थापा | काठमाडौं

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको कक्षा १२ को नतिजामा यस वर्ष नियमिततर्फ ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । कुल ५ लाख १० हजार ९ सय ८७ विद्यार्थीमध्ये २ लाख ८४ हजार ३ सय ५ विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएका छन् । ग्रेडेडमध्ये पनि नियमिततर्फ ३ लाख ९६ हजार ३ सय ४७ विद्यार्थी सहभागी भएकोमा सबै विषयमा २ लाख ४२ हजार ४ सय ६५ ग्रेडेड हुन सफल भएका छन् । नियमिततर्फको ग्रेडेड कुल संख्याको ६१.१७ प्रतिशत हो । नियमिततर्फ सहभागीमध्ये ११ जनाको परीक्षा रद्द भएको थियो ।

बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै परीक्षामा सहभागी कुल विद्यार्थीमध्ये आंशिकतर्फ १ लाख १४ हजार ६ सय ४० ले परीक्षा दिएको जनाए । यसरी परीक्षा दिएका आंशकितर्फ ४१ हजार ८ सय ४० जना विद्यार्थी सबै विषयमा ग्रेडेड भएको उनले बताए । आंशिकमा सहभागीमध्ये ३६.४९ प्रतिशत उत्तीर्ण भएका छन् । आंशिकतर्फ ६ जना विद्यार्थीको परीक्षा रद्द गरिएको छ । दुवै गरेर १७ जना विद्यार्थीको परीक्षा रद्द भयो । यसअनुरूप नियमित र आंशिकमा २ लाख २६ हजार ६६५ विद्यार्थी नन ग्रेडेड अर्थात् अनुत्तीर्ण भएको उनले जनाए । उक्त ननग्रेडेड विद्यार्थीका लागि आगामी भदौ २८ र २९ गते ग्रेड वृद्धि परीक्षा हुने भएको छ ।

### १२ कक्षाको नतिजा

| जीपीए | २०८१ मा | २०८२ मा |
|---|---|---|
| ३.६१ देखि ४ | ९५९१ | १३५०२ |
| ३.२१ देखि ३.६० | ४६८९३ | ५५८९६ |
| २.८१ देखि ३.२० | ७८०७५ | ९४२६८ |
| २.४१ देखि २.८० | ६१०३६ | ६९८१२ |
| २.०१ देखि २.४० | ८२४० | ८९६४ |
| १.६१ देखि २ | १२ | २३ |
| कुल जीपीए प्राप्त संख्या | २०३८४७ | २४२४६५ |
| नन्ग्रेडेड (एनजी) | १८७०२१ | १५३८८२ |
| नियमिततर्फ | ३९०८६८ | ३९६३४७ |
| आंशिकतर्फ | | ११४६४० |
| नियमित र आंशिक गरी कुल | | ५१०९८७ |

स्रोत : राष्ट्रिय परीक्षा बोर्ड

गत शैक्षिक वर्ष २०८१ मा सोही तहमा नियमिततर्फ कुल ३ लाख ९० हजार ८ सय ६८ विद्यार्थीले परीक्षा दिएका थिए । कुल विद्यार्थीमध्ये ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन सफल भएका थिए । अघिल्लो वर्ष (२०८०)मा कुल विद्यार्थीको करिब ५१ प्रतिशत हाराहारीमा उत्तीर्ण भएका थिए । 'राज्यले समग्र शिक्षामा ध्यान दिनुपर्छ ।'

राष्ट्रिय परीक्षा बोर्डले गत ११ वैशाखका लागि परीक्षाको मिति तोके पनि शिक्षकहरूको अनिश्चितकालीन आन्दोलनले प्रभावित भएपछि वैशाख २१ देखि जे भएको थियो । पूर्वघोषित समयभन्दा १० दिनपछि भएको परीक्षामा सहभागी कुल विद्यार्थीमध्ये ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण हुन सफल भएका छन् । यद्यपि यो नतिजा गत वर्षको नतिजाभन्दा ८.२६ प्रतिशतले बढी हो । यो सुधारलाई सकारात्मक लिनुपर्ने बताउँछन्, शिक्षाविद् डा.विष्णु कार्की । शिक्षक, अभिभावक र परीक्षा नियन्त्रण कार्यालय सबैले गरेको प्रयासका लागि प्रशंसा गर्नुपर्छ । उनका अनुसार विगतमा ३०-४० प्रतिशत मात्र विद्यार्थी पास हुने अवस्थाबाट ६० प्रतिशत नाघ्नु राम्रो प्रगति हो ।

» बाँकी पृष्ठ ५

